श्री

राजस्व न्यायाधिकरण काठमाडौ, मुकाम पुल्चोक ललितपुर

इजलास

माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना

लेखा सदस्य श्री बासुदेव खनाल

फैसला

२०७९।०८० सालको निर्णय नं. ३७२

पुनरावेदन नं. ०७७-RB-००५३

मुद्दाः- अग्रिम कर (२०७०/०७१) ।

श्री रघुपति जुट मिल्स लिमिटेड, बिराटनगर (रानी), मोरङ (स्थायी लेखा नं. ३०००३८०८६) को हकमा ऐ.का. अधिकार प्राप्त ग्रुप भाईस प्रेसिडेन्ट अमित कुमार जैन.........१ } पुनरावेदक

विरुद्ध

श्री आन्तरिक राजस्व विभाग, लाजिम्पाट.........१
श्री ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर.........१ } प्रत्यर्थी

शुरु निर्णय गर्ने कार्यालय र अधिकारी

शुरु निर्णय गर्ने कार्यालय : ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर

शुरु निर्णय गर्ने अधिकारी : प्रमुख कर प्रशासक श्री गंगाराम गेलाल

शुरु निर्णय मिति : २०७४।११।१६

प्रशासकिय पुनरावलोकनको निर्णय गर्ने कार्यालय र पदाधिकारी

निर्णय गर्ने कार्यालयः आन्तरिक राजस्व विभाग

निर्णय गर्ने पदाधिकारीः महानिर्देशक श्री बिनोद बहादुर कुँवर

निर्णय मितिः २०७६।१०।१२

उपस्थित कानून व्यवसायीहरु

पुनरावेदकका तर्फबाट : विद्वान वरिष्ठ अधिवक्ता श्री चण्डेश्वर श्रेष्ठ

: विद्वान अधिवक्ता श्री नितेश श्रेष्ठ

प्रत्यर्थीको तर्फबाट : विद्वान उप-न्यायाधिवक्ता श्री दिपक भण्डारी

: विद्वान सहायक न्यायाधिवक्ता श्री संगिता थोकर

**अविलम्वित नजीरः** ×

आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७६।१०।१२ मा भएको निर्णय उपर आयकर ऐन, २०५८ को दफा ११६ तथा राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) बमोजिम करदाताको तर्फबाट परेको पुनरावेदन यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको हुँदा प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं न्यायाधिकरणको ठहर यसप्रकार रहेको छ।

<u>तथ्य खण्ड</u>

१. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरको कार्यक्षेत्र अन्तर्गत करदाता श्री रघुपति जुट मिल्स लिमिटेडको आर्थिक वर्ष २०७०/०७१ को आय विवरण आयकर ऐन, २०५८ को दफा २०५८ को दफा ९९ बमोजिम कर निर्धारण गरी सोही ऐनको दफा दफा ९६ अनुसार रू.१२,६७,५६,८८९।- करयोग्य नोक्सानी कायम गरी ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरमा मिति २०७१।०९।२९ मा विवरण पेश गरेको।

२. करदाताको हकमा आर्थिक वर्ष २०७०/०७१ को लागि कार्यालयबाट कर परीक्षण हुंदा करदाताबाट पेश हुन आएको आय विवरण र सो साथ संलग्न कागजात, फांटवारी तथा प्रमाणहरूको अध्ययन, छानविन गरी पेश हुन आएको प्रतिवेदन समेतलाई आधार बनाई विश्लेषण गर्दा प्रस्तुत करदाताको यस आ.ब. २०७०/०७१ को सम्बन्धमा आयकर ऐन, २०५८ बमोजिम आयमा समावेश गर्नुपर्ने रकम समावेश नगरेको तथा कट्टी गर्न नपाइने खर्च कट्टी दावी गरेकोले सोही ऐनको दफा १०१ बमोजिम संशोधित कर निर्धारण गर्ने प्रयोजनको लागि संशोधित करयोग्य नोक्सानी रू.८,६३,५८,७६२।- कायम गर्नुपर्ने तथा भुक्तानीमा कर कट्टी गरेको रकम आयकर ऐन, २०५८ ले तोकेको समयमा राजस्व दाखिला गरेको नपाइएकोले कर, व्याज तथा शुल्क समेत रू.५६,६०१।- निर्धारण गर्नु पर्ने भएकोले उल्लेखित बमोजिम गर्नु नपर्ने कुनै सबुद प्रमाण भए पत्र प्राप्त भएको मितिले दिन १५ (पन्ध्र) भित्र जवाफ पेश गर्न आयकर ऐन, २०५८ को १०१ (६) र दफा ९० (८) बमोजिम विस्तृत व्यहोरा खुलाई ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट करदाता श्री रघुपति जुट मिल्स लिमिटेडको नाममा मिति २०७४।१०।१५ र २०७४।१०।२१ मा सूचना जारी भएको।

३. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७४।१०।१५ र २०७४।१०।२१ मा जारी भएको सूचना करदाता श्री रघुपति जुट मिल्स लिमिटेडले

मिति २०७४।१०।२२ मा बुझी लिई सो को जवाफ म्यादभित्रै ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर समक्ष मिति २०७४।११।०६ मा पेश गरेको।

४. करदाताले लिखत जवाफ पेश गर्दा प्रस्तुत आ.व.मा परामर्श शुल्क वापत रु.२,०८,०००।- भुक्तानी गरेको र उक्त भुक्तानी मध्ये रु.७५,०००।- मा अग्रिम कर कट्टी गरेको र बाँकी रकम रु.१,३३,०००।-अग्रिम कर कट्टि गर्न बाँकी रहेको भन्ने स्वीकार गरी जम्मा रु.४,७५०।- मात्रै दाखिला गरेको देखिन्छ। यसरी अग्रिम कर कट्टि नगरी भुक्तानी भएको रकम रु.१,३३,०००।- मा आयकर ऐन, २०५८ को दफा ८८ बमोजिम १५ प्रतिशतले हुने रु.१९,९५०।- मा ऐनको दफा १२०(क) बमोजिम शुल्क रु.९,९७५।- र सोही ऐनको दफा ११९ बमोजिम व्याज (२०७१ श्रावण देखि २०७४ फागुनसम्म) रु.१०,९७२।- समेत जम्मा रु. ४०८९७।- दाखिला (सबै रकम दाखिला भएका बखत करदाताबाट २०७४।११।६ मा दाखिला भएको अग्रिम कर कट्टि रकम रु. ४७५०।- मिलान हुने गरी) गर्न आयकर ऐन, २०५८ को दफा ९० को उपदफा (८) बमोजिम सूचना जारी गर्नुपर्ने ठहर्‍याले माथि उल्लिखित विषययका सम्बन्धमा अग्रिम कर कट्टी रकम दाखिला गर्ने गरी ठूला करदाता कार्यालयबाट मिति २०७४।११।१६ मा भएको अग्रिम कर निर्धारणको निर्णय ।

५. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरले मिति २०७४।११।१६ मा जारी गरेको आ.व. २०७०/०७१ को अग्रिम कर कट्टी तर्फको संशोधित कर निर्धारण आदेशमा चित्त नबुझी करदाता रघुपति जुट मिल्स लिमिटेडले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७५।०१।२३ मा आन्तरिक राजस्व विभागमा निवेदन पेश गरेको ।

६. बहाल खर्च सम्बन्धमा करदाता श्री रघुपति जुट मिल्स लिमिटेडले निवेदकले आयकर ऐन, २०५८ को दफा ९० को उपदफा (१) बमोजिम अग्रिम कर कट्टी गरी कर रकम दाखिला गरेको प्रमाण पेश नगरेको अवस्थामा अग्रिम कर रकम माग गर्नु पर्ने नै देखिएको हुदां कार्यालयबाट निर्धारण गरेको अग्रिम कर कानुन सम्मत भएको र परामर्श खर्च सम्बन्धमा अग्रिम कर कट्टी गर्नु पर्ने दायित्व भएको प्रत्येक व्यक्तिले आयकर ऐन, २०५८ को दफा ९० को उपदफा (१) मा तोकेको समयभित्र दाखिला गर्नु पर्ने हुन्छ। यसरी दाखिला नभएमा सोही दफाको उपदफा (८) बमोजिम कारणसहित सफाइको दिई लिखित सूचना जारी गरी दाखिला नगरेको वा घटी सबुत प्रमाण पेश गर्न पन्ध्र दिनको म्याद दिई दाखिला गरेको रकम र दफा ११९ बमोजिमको ब्याज दाखिला गर्न आदेश दिन सक्ने व्यवस्था रहेको हुदां ऐनमा भएको प्रावधान बमोजिम अग्रिम कर कट्टी गरी कर रकम दाखिला गरेको प्रमाण पेश नगरेको तथा निर्धारण गरिएको अग्रिम कर रकम भन्दा कम अग्रिम कर कट्टी गरी दाखिला गर्नु पर्ने आधार एवं कारण भए सो सहित जिकिर

नलिएको अवस्थामा अग्रिम कर रकम माग गर्नु पर्ने नै देखिएको हुँदा कार्यालयबाट निर्धारण गरेको अग्रिम कर कानून सम्मत भएको देखिदाँ निवेदन जिकिर नपुग्ने ठहर्छ भन्ने समेत व्यहोराको आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७६।१०।१२ मा भएको निर्णय।

७. करदाता श्री रघुपति जुट मिल्स लिमिटेडले बहाल खर्च सम्बन्धमा यस उद्योगले यस वर्षको भाडा वापत रू.२,१०,९००।- भुक्तानी गरेकोमा उक्त भुक्तानीमा आयकर ऐन, २०५८ को दफा ८८ अन्तर्गत १० प्रतिशतले हुने रू.२१,०९०।- दाखिला गर्नुपर्नेमा रु.१३,२६०।- मात्रै दाखिला गरी बाँकी रु.७,८३०।- मा शुल्क तथा व्याज समेत गणना गरी रू.१५,९५३।- दाखिला गर्नु पर्ने भन्ने कार्यालयको अग्रिम कर निर्धारण सूचना सम्बन्धमा उक्त वहाल कर वापतको रु.२१,०९०।- विभिन्न मितिमा यस उद्योगले निम्न विवरण अनुसार दाखिला गरिसकेको छ र परामर्श खर्च सम्बन्धमा यस बर्षको परामर्श शुल्क वापत रू.२,०८,०००।- भुक्तानी गरेकोमा रू.७५,०००।- मा मात्रै अग्रिम कर कट्टी गरेको छ। कट्टी गर्न बाँकी रकम रू. १,३३,०००।- मा आयकर ऐन, २०५८ बमोजिम १५ प्रतिशतले हुने रकम रू.१९,९५०।- मा शुल्क तथा व्याज समेत जम्मा रू.४०,६४८।- दाखिला गर्नु पर्नेमा यस उद्योगले परामर्श शुल्क वापत रू.४,७५०।- दाखिला गर्न बाँकी रहेको हुँदा सो रकम बैंक दाखिला गरिसकेको छ। यस उद्योगले संशोधित कर निर्धारण सूचना तथा विभागको निर्णय बमोजिम पुनः दाखिला गर्न नपर्ने हुँदा विपक्षी कार्यालयवाट मिति २०७४।११।१६ मा भएको अग्रीम कर निर्धारण र उक्त कर निर्धारण आदेश सदर गर्ने आन्तरिक राजस्व विभागको मिति २०७६।१०।१२ को निर्णय एवं सोका आधारमा दिइएको सूचनाहरु समेत गैरकानूनी र अन्यायपूर्ण हुँदा वदर गरी पाउँ भन्ने व्यहोराको करदाताको तर्फबाट मिति २०७७।०४।२८ मा यस न्यायाधिकरण समक्ष पेश भएको पुनरावेदन पत्र ।

८. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई सूचना दिई नियमानुसार पेश गर्नु। प्रारम्भिक सुनुवाईको क्रममा प्रत्यर्थी झीकाउने प्रयोजनको लागि प्रस्तुत आदेश पर्याप्त रहेकोले सहकर्मी लेखा सदस्यको रायसँग सहमत हुन नसकेकोले राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ५(३) बमोजिम गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७९।०१।०२ मा भएको आदेश ।

## ठहर खण्ड

९. नियम बमोजिम पेशी सूचीमा चढी निर्णयार्थ इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा मिसिल संलग्न पुनरावेदन पत्र, प्रत्यर्थी ठूला करदाता कार्यालयबाट प्राप्त हुन

आएको शुरु मिसिल लगायतका अन्य कागजातहरु समेत अध्ययन गरी पुनरावेदक करदाता रघुपति जुट मिल्स लिमिटेडका तर्फबाट उपस्थित हुनुभएका विद्वान वरिष्ठ अधिवक्ता श्री चण्डेश्वर श्रेष्ठ र विद्वान अधिवक्ता श्री नितेश श्रेष्ठले ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट भएको अग्रिम कर निर्धारण आदेश त्रूटिपूर्ण रहेको हुँदा सो आदेश बदर गरी पुनरावेदन मागदावी बमोजिम गरी पाउँ भनी तथा प्रत्यर्थी कार्यालयका तर्फबाट उपस्थित हुनुभएका विशेष सरकारी वकिलको कार्यालय, काठमाडौंका विद्वान उप-न्यायाधिवक्ता श्री दिपक भण्डारी तथा विद्वान सहायक न्यायाधिवक्ता श्री संगिता थोकरले ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट भएको अग्रिम कर निर्धारण सम्बन्धी आदेश तथा सोही आदेश सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय विधिसम्मत रहेको हुँदा सदर गरी पाउँ भनी गर्नुभएको बहस समेत सुनियो।

१०. पुनरावेदक करदाताबाट लिइएको पुनरावेदन जिकिर, दुवै तर्फका विद्वानहरुबाट प्रस्तुत बहस बुदाँहरु र मिसिल संलग्न कागज प्रमाणको अध्ययन गरी हेर्दा, यसमा ठूला करदाता कार्यालय ललितपुरबाट करदाताको हकमा भएको अग्रिम कर निर्धारणको आदेश तथा सोही आदेश सदर गर्ने गरी विभागका महानिर्देशकबाट भएको निर्णय समेत मिलेको छ, छैन? करदाताको पुनरावेदन जिकिर पुग्न सक्छ वा सक्दैन भन्ने प्रश्नमा निर्णय दिनुपर्ने देखियो।

११. अव निर्णयतर्फ विचार गरी हेर्दा, करदाताको पहिलो पुनरावेदन जिकिर घर बहाल रकमका सम्बन्धमा रहेको देखिन्छ। ठूला करदाता कार्यालयबाट अग्रिम कर निर्धारणको क्रममा पुनरावेदक करदाताले प्रस्तुत आ.व.को भाडा वापत भक्तानी गरेको रकम रु. २,१०,९००।- मा आयकर ऐन, २०५८ को दफा ८८ बमोजिम १० प्रतिशतका दरले हुने रकम रु.२१,०९०।- दाखिला गर्नुपर्नेमा रु.१३,२६० मात्र दाखिला गरेको हुँदा दाखिला गर्न वाँकी रकम रु.७,८३०।- मा आयकर ऐन, २०५८ को दफा १२०(क) बमोजिमको शुल्क तथा दफा ११९ बमोजिम ब्याज समेत गरी रु.१५,९५३।- दाखिला गर्नुपर्ने भनी आधार उल्लेख गरेको देखिन्छ। करदाता उद्योगले प्रस्तुत आ.व.को भाडा वापतको रकममा लाग्ने कर रकम रु.२१,०९०।- विभिन्न मितिमा दाखिला गरिसकेको हुँदा पुनः दाखिला गर्नु नपर्ने अवस्थामा प्रत्यर्थी कार्यालयहरुको निर्णय गैरकानूनी रहेको भन्ने करदाताको पुनरावेदन जिकिर रहेको देखिन्छ। आयकर ऐन, २०५८ को दफा ८८ मा लगानी प्रतिफल र सेवा शुल्कको भुक्तानी गर्दा कर कट्टी सम्बन्धी व्यवस्था उल्लेख भई सोही दफाको उपदफा (५) मा वासिन्दा व्यक्तिले नेपालमा स्रोत भएको भाडा

भुक्तानी गरेकोमा दश प्रतिशतका दरले अग्रिम कर कट्टी गर्नुपर्ने कानूनी व्यवस्था उल्लेख भएको पाईन्छ। साथै अग्रिम कर कट्टी दाखिला गर्नको निम्ति आयकर ऐन, २०५८ को दफा ९० को उपदफा (१) बमोजिमको समयमा गर्नुपर्ने भनी उल्लेख भएको पाईन्छ। करदाता आफूले अग्रिम कर वापतको रकम दाखिला गरेको भनी जिकिर लिएको भएतापनि सो को पुष्टि गर्ने कुनै ठोस् प्रमाण पेश नगरेको र ऐनको तोकेको समयभित्र करदाताले अग्रिम कर दाखिला नगरेको अवस्था देखिँदा ठूला करदाता कार्यालयबाट अग्रिम कर निर्धारणको क्रममा करदाताबाट अग्रिम कर दाखिला गर्न लागई सो मा लाग्ने ब्याज तथा शुल्क समेत निर्धारण हुने गरी भएको आदेश कानूनसम्मत नै देखिन्छ।

१२. करदाताको दोस्रो पुनरावेदन जिकिर परामर्श खर्चका सम्बन्धमा रहेको देखिन्छ। ठूला करदाता कार्यालयबाट अग्रिम कर निर्धारण गर्दा करदाताले प्रस्तुत आ.व.मा परामर्श शुल्क वापत रु.२,०८,०००।- भुक्तानी गरेकोमा रु.७५,०००।- मा मात्रै अग्रिम कर कट्टी गरेको पाईएकोले अग्रिम कर कट्टी गर्न बाँकी रकम रु.१,३३,०००।- मा आयकर ऐन, २०५८ को दफा ८८ बमोजिम १५ प्रतिशतले हुने रु.१९,९५०।- मा आयकर ऐन, २०५८ को दफा १२०(क) बमोजिम शुल्क तथा दफा ११९ बमोजिम ब्याज समेत निर्धारण हुने भन्ने आधार उल्लेख गरेको देखिन्छ। पुनरावेदक करदाताले प्रस्तुत आ.व.मा परामर्श शुल्क वापत रु.४,७५०।- दाखिला गर्न वाँकी रहेकोमा सो रकम बैंक दाखिला गरिसकेको हुँदा पुन दाखिला गर्न नपर्ने भन्ने पुनरावेदन जिकिर लिएको देखिन्छ। साथै ठूला करदाता कार्यालयबाट जारी भएको अग्रिम कर निर्धारणको पर्चाबाट करदाताको परामर्श शुल्क रु.२,०८,०००।- मध्ये रु.७५,०००।- मा अग्रिम कर कट्टी गरेको र बाँकी रु.१,३३,०००।- मा अग्रिम कर कट्टी गर्न वाँकी रहेको भनी स्वीकार गरेकोले सो अग्रिम कर निर्धारण गर्नु पर्ने र मिति २०७४।११।०६ मा दाखिला भएको रु.४,७५०।- मिलान हुने गरी कर निर्धारण गर्नुपर्ने भन्ने व्यहोरा उल्लेख भएको देखिन्छ। आयकर ऐन, २०५८ को दफा ८८(१) मा "*बासिन्दा व्यक्तिले नेपालमा स्रोत भएको ब्याज, प्राकृतिक स्रोत, भाडा, रोयल्टी, सेवा शुल्क, कमिशन, विक्री वोनस,अवकाश भुक्तानी र अन्य कुनै प्रतिफल तथा अवकाश भुक्तानीको रकम भुक्तानी गर्दा कुल भुक्तानी रकमको पन्ध्र प्रतिशतका दरले कर कट्टी गर्नु पर्नेछ*" भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ। उक्त कानूनी व्यवस्था अनुसार करदाताले परामर्श खर्च शीर्षक अन्तर्गतको अग्रिम कर कट्टी नगरिएको रकममा आयकर ऐन, २०५८ को दफा ८८(१) बमोजिम १५% ले हुने रकम रु.१९,९५०।- अग्रिम कर कट्टी गरी दाखिला गर्नुपर्ने देखिन्छ। उक्त रकम करदाताले समयमा दाखिला नगरेको कारणबाट सो रकममा आयकर ऐन, २०५८ को दफा ११९ बमोजिम लाग्ने ब्याज रु.१०,७२३।- र सोही

ऐनको दफा १२०(क) बमोजिम लाग्ने शुल्क रकम रु.९,९७५।- सहित कूल रकम रु.४०,६४८।- माग गर्ने गरी ठूला करदाता कार्यालयबाट भएको निर्णय समेत कानूनसम्मत नै देखियो।

१३. तसर्थ माथि विवेचना गरिएको आधार र कारणबाट करदाता श्री रघुपति जुट मिल्स लिमिटेड (स्थायी लेखा नं. ३०००३८०८६) को आ.व. २०७०।०७१ को संसोधित कर निर्धारण गर्ने क्रममा ठुला करदाता कार्यालयवाट घरवहाल खर्च र परामर्श खर्च वापत भुक्तानी गरेको रकममा अग्रिम कर माग गर्ने गरी मिति २०७४।११।१६ मा गरेको निर्णय र सोही निर्णय सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकवाट मिति २०७६।१०।१२ मा भएको निर्णय समेत मिलेकै देखिंदा सदर हुने ठहर्छ।करदाताको पुनरावेदन जिकिर पुग्न सक्दैन। अरुमा तपसिल बमोजिम गर्नू।

**तपसिल खण्ड**

१. फैसलाको प्रतिलिपी सहित फैसला भएको जानकारी बिशेष सरकारी वकीलको कार्यालय काठमाण्डौलाई पठाईदिनु।
२. प्रस्तुत फैसलाको विद्युतीय प्रति यस न्यायाधिकरणको सफ्टवेयरमा अपलोड गरी फैसलाको पीठमा जनाउनु।
३. सरोकारवाला पक्षले फैसलाको प्रतिलिपी माग गरेमा लाग्ने दस्तुर लिई नियमानुसार प्रतिलिपी दिनू।
४. प्रस्तुत पुनरावेदनको दायरीको लगत कट्टा गरी शुरु मिसिल ठूला करदाता कार्यालय, ललितपुर पठाई रेकर्ड मिसिल अभिलेख शाखामा बुझाईदिनू।

टेकप्रसाद ढुङ्गाना
(अध्यक्ष)

उक्त रायमा मेरो सहमती छ।

बासुदेव खनाल
(लेखा सदस्य)

फैसला तयारीमा सहयोग गर्नुहुनेः-
शाखा अधिकृतः प्रमोद रिजाल
ईति सम्वत् २०८० साल बैशाख १२ गते रोज ३ शुभम् ----------------------------------
फैसला प्रमाणिकरण मितिः-
प्रमाणिकरण गर्ने लेखा सदस्यः-

राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम ललितपुरको छाप